# जिल्ला प्रशासन कार्यालयको अर्धबार्षिक बुलेटिन २०७८/०७९




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

महेन्द्रनगर, कञ्चनपुर

# विषय–सूची

विषय–सूची........................................................................................................1

१. कञ्चनपुर जिल्लाको संक्षिप्त वस्तुगत स्थिति..............................................................5

१.१ जिल्लाको संक्षिप्त परिचय ........................................................................................5

१.२ भौगोलिक स्थिति ......................................................................................................5

१.३ हावापानी ..................................................................................................................5

१.४ पर्यटकिय स्थलहरू......................................................................................................6

१.५ राजनैतिक विभाजन.....................................................................................................6

१.६ प्राकृतिक सम्पदा........................................................................................................6

१.७ भू–उपयोग र वनजंगल सम्बन्धी विवरण ....................................................................6

१.७.१ भू–उपयोग...............................................................................................................6

१.७.२ वनजंगल .................................................................................................................7

१.७.३ मुख्य रूख विरूवा, जनावर तथा चराचुरूङ्गी...............................................................7

१.८ जनसाङ्ख्यिक स्थिति....................................................................................................7

१.८.१ आधारभूत जनसांख्यिक सूचकहरू...........................................................................7

२. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको स्वरूप र प्रकृति.................................................8

३. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको काम, कर्तव्य र अधिकार ....................................9

४. जिल्ला प्रशासन कार्यालय, कन्चनपुरमा रहने कर्मचारी संख्या र कार्य विवरण ....................9

४.१ जिल्ला प्रशासन कार्यालयको दरवन्दी संख्या.................................................................9

४.२ जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेका फाँट र शाखाहरु.............................................9

५. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरबाट प्रदान गरिने सेवा...........................................10

५.१. स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी..............................................................10

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

५.२ राहदानी सम्बन्धी सेवा ... 10
५.३ नागरिकता सम्बन्धी सेवा ... 10
५.४ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी ... 10
५.५ हातहतियार इजाजत तथा नवीकरण र स्वामित्व हस्तान्तरण ... 10
५.६ संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा ... 10
५.७ आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवा ... 11
५.८ विपद् व्यवस्थापन सम्बन्धी सेवा ... 11
६. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा रहेका शाखा र जिम्मेवार अधिकारी ... 11
७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ... 12
७.१ दस्तुर र अवधि ... 12
७.२ जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरको नागरिक बडापत्र ... 13
८. सम्पादन गरेको कामको विवरण ... 21
८.१ नागरिकता वितरण सम्वन्धी विवरण ... 21
८.२ राहदानी वितरण सम्वन्धी ... 21
८.३ सिफारिस/प्रमाणित सम्वन्धी विवरण ... 21
८.४ मुद्दाको विवरण ... 21
८.५ जनगुनासो ठाडो उजुरी सम्वन्धी विवरण ... 22
८.६ द्वन्द्व व्यवस्थापन सम्वन्धी विवरण ... 22
८.७ संघ/संस्था दर्ता/नविकरण व्यवस्थापन सम्वन्धी विवरण ... 22
८.८ हातहतियार नविकरण सम्वन्धी विवरण ... 22
८.९ पत्रपत्रिका दर्ता सम्वन्धी विवरण ... 22
८.१० राष्ट्रिय परिचय पत्र वितरण संकलन ... 22
८.११ बजार नियमन ... 22

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

८.१२ बैठक सम्बन्धी ........ 22

८.१३ कोभिड–१९ सम्बन्धी अनुगमन ........ 23

८.१४ सीमाबाट आवागमन ........ 23

८.१५ सवारी पास सम्बन्धी विवरण ........ 23

९. ऐन, नियम र निर्देशिकाको सूची ........ 23

१०. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ........ 24

१०.१ राजश्व संकलन सम्बन्धी विवरण ........ 24

१०.२ कार्यालय खर्च सम्वन्धी विवरण ........ 24

१०.३ राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रम तर्फ ........ 24

११. आ. व. २०७८/७९ पौष मसान्त सम्ममा सम्पादित अन्य महत्वपूर्ण क्रियाकलापहरु ........ 25

११.१ अन्तर जिल्ला समन्वय समितिको बैठक ........ 25

११.२ विभिन्न बैठकहरु (२०७८ श्रावण देखि २०७८ पौष मसान्त सम्म) ........ 25

११.३ जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरबाट तयार पारिएका वार्षिक योजना तथा रणनीतिहरुः ........ 25

११.४ जिल्ला प्रशासन कार्यालयहरुबाट सुशासन र सेवा प्रवाहमा थप प्रभावकारिताका लागि गरिएका प्रयासहरुः .. 25

११.५ अनूगमन तथा निरीक्षण ........ 26

११.५.१ बजार अनुगमन ........ 26

११.६ राष्ट्रिय परिचयपत्रको विवरण संकलन कार्यः ........ 26

११.७ सुरक्षा निकाय तथा मातहत ईकाइहरुको अनुगमन/निरीक्षणः ........ 27

११.८ सीमा अनुगमन तथा निरीक्षण ........ 28

११.९ जिल्लाको विभिन्न स्थानमा रहेका आइसोलेशन तथा होल्डिङ सेन्टरको अनुगमन ........ 28

११.१० समकक्षीसँगको समन्वय बैठकः ........ 28

११.११ भुकम्प दिवसः ........ 29

११.१२ एकीकृत रणनीतिक सुरक्षा योजना कार्यान्वयन ........ 29

११.१३ जिल्ला सुरक्षा समितिको बैठकः ........ 29

११.१४ कर्मचारीहरुको नियमित बैठकः ........ 30

११.१५ जिल्ला अनुगमन तथा मूल्याङ्का समितिको बैठकः ........ 30

११.१६ सूचना अधिकारीसँग बैठकः ........ 30

११.१७ कार्यालय प्रमुखसँगको बैठकः ........ 30

११.१८ मुद्दा सम्बन्धी कार्यः ........ 31

११.१९ न्यायीक क्षमतावृद्धि अभिमुखिकरण कार्यक्रम ........ 31

११.२० कोभिड–१९ को संक्रमण जोखिम रोकथाम तथा नियन्त्रणको लागि कञ्चनपुर जिल्ला प्रशासन कार्यालयबाट भएका प्रमुख कार्यविवरण ........ 31


नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

# १. कञ्चनपुर जिल्लाको संक्षिप्त वस्तुगत स्थिति

## १.१ जिल्लाको संक्षिप्त परिचय

नेपालको मानचित्रमा कञ्चनपुर जिल्ला देशको पश्चिमी सीमानामा अवस्थित तराइको जिल्ला हो । भारतीय सीमानासँग जोडिएको साविक महाकाली अञ्चलमा पर्ने यो जिल्ला बाइसे चौबीसे राज्य रहेको बखत डोटी राज्यको सीमा क्षेत्रमा पर्दथ्यो। ऐतिहासिक पृष्ठभूमि हेर्दा नेपाल र तत्कालिन इष्ट इडिया कम्पनीबीच १८१६ मा भएको सुगौली सन्धिबाट कालीपारी पश्चिमको सम्पूर्ण भू–भाग ब्रिटिश इन्डियामा गाभिएको पाइन्छ । सन् १८६० को प्रत्यावर्तन सन्धि भएपछि मात्र यो क्षेत्र अर्थात कैलाली, कञ्चनपुर, बाँके र बर्दियासम्मको तराई खण्ड नयाँ मुलुकको रूपमा नेपालमा आवद्ध भएको पाईन्छ । त्यस उप्रान्त छुट्टै जिल्लाको रूपमा अस्तित्वमा आएको यस जिल्लाको सदरमुकाम साविक श्रीपुर गाऊँ विकास समितिको बेलौरी बजारमा रहेको र सोही बजारको कञ्चनपुर नामक गाँउबाट जिल्लाको नामाकरण हुन गएको हो भन्ने केही इतिहासविदहरूको भनाई रहेको छ । वि.सं. २०१९ सालपछि यसको सदरमुकाम महेन्द्रनगर (हालको भिमदत्तनगर) सरेको देखिन्छ । साविक सुदुरपश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने यो जिल्ला मौजुदा नेपालको संविधान अनुसारको राज्य पुनर्संरचनामा प्रदेश नं. ७ अन्तर्गत पर्दछ । सुदूरपश्चिम पहाडका जिल्लाहरूबाट उच्च बसाइसराई भएको कञ्चनपुर ती पहाडी जिल्लाहरुमा खाद्यान्न आपूर्तिगर्ने खाद्य भण्डारको रूपमा उभिएको छ।

## १.२ भौगोलिक स्थिति

- अक्षांश: २८.३२" उत्तरदेखि २९. २८" उत्तरी अक्षांश
- देशान्तर: ८०.३" पूर्वदेखि ८०.३३" पूर्वी देशान्तर
- सिमाना: पूर्व-कैलाली जिल्ला, पश्चिम तथा दक्षिण- उत्तराञ्चल,भारत र उत्तर-डडेलधुरा जिल्ला
- क्षेत्रफल: १,६१० वर्ग कि.मि.
- औसत लम्बाई: ४४ कि.मि. (पूर्व-पश्चिम)
- औसत चौडाई: ३४ कि.मि. (उत्तर-दक्षिण)
- होचो भाग: समुद्री सतहदेखि दक्षिणमा १७६ फिट
- अग्लो भाग: समुद्री सतहदेखि उत्तरमा १,५२८ फिट

जिल्लाको जम्मा क्षेत्रफल १,६१,७४१ हेक्टरमध्ये ५९,५३२ हेक्टर (३७%) खेतीयोग्य तथा ८८,२०० हेक्टर (५५%) वन-जङ्गल र खोला नालाले ओगटेको अन्य १४,००९ हेक्टर (८%) छ। भौगोलिक विभाजनको आधारमा यस जिल्लालाई चुरे भूभाग भावरको भूभाग र तराईमैदान गरी ३ भागमा विभाजन गरी हेर्न सकिन्छ। जलवायुको दृष्टिकोणले चुरे पर्वतीय श्रृङ्खलाबाहेक अन्य क्षेत्रमा उष्ण तथा उपोष्ण खालको हावापानी पाइन्छ र तापक्रम औसत अधिकतम ४३ डिग्री सेन्टिग्रेड र औसत न्यूनतम ३० डिग्री सेन्टिग्रेडसम्म पुग्न जान्छ। औसत तापक्रम ३०.५० डिग्री सेन्टिग्रेड रहेको पाइन्छ। औसत वर्षा वार्षिक १७७१.५ मिलि लिटर रेकर्ड गरिएको छ। यहाँको जलवायुमा प्रचूर मात्रामा आर्द्रता पाइन्छ जुन सरदर ७१.१६% रेकर्ड गरिएको छ। ८८,२०० हेक्टर वनक्षेत्रमध्ये आरक्षक्षेत्र ३०,५०० हेक्टर (३५%)रहेको छ। जिल्लाको चुरे तथा भावर क्षेत्रबाहेक अन्य क्षेत्र खेतीयोग्य छ। जिल्लाभित्र जल निकासको हिसावले प्रमुख नदी प्रणालीको रूपमा महाकाली, चौधर, दोधा र मोहना नदीप्रणालीहरू रहेका छन्।

## १.३ हावापानी

जलवायुको दृष्टिकोणले कञ्चनपुर जिल्लामा उष्ण तथा उपोष्ण प्रकारको हावापानी पाइन्छ । यहाँ वार्षिकसरदर १७७१.५ मिलि मिटर वर्षा हुने गर्दछ । विशेषतः जेठदेखि भाद्र महिनासम्म निकै गर्मी हुने यस जिल्लामा पौष र माघ महिनामा निकै जाडो हुन्छ । गर्मी याममा यहाँको तापक्रम अधिकतम ४३ डिग्री सेल्सियस सम्म पुग्दछ भने हिउदमा न्युनतम ३ डिग्री सेल्सियस सम्म झर्ने गर्दछ । यहाँको जलवायुमा प्रचुर मात्रामा आद्र्रता पाईन्छ जुन सरदर ७१.१६ प्रतिशत रहने गर्दछ ।

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

१.४ पर्यटकिय स्थलहरू

- झिलमिला ताल
- शुक्लाफाँटा राष्टिय निकुञ्ज
- दोधारा-चाँदनी पुल
- रानी ताल
- बेदकोट ताल

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

१.५ राजनैतिक विभाजन

संघीय स्वरूपमा राज्यको पुनर्संरचना अनुसार कञ्चनपुर जिल्ला प्रदेश नं. ७ मा पर्दछ । यस अघि यो जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलमा रहेको थियो । साविकमा ४ वटा निवार्चन क्षेत्र, ८ वटा नगरपालिका र ४ वटा गाउँ विकास समितिहरूमा विभक्त रहेकोमा हाल ७ वटा नगरपालिका र २ वटा गाऊँपालिकामा बाँडिएको छ ।

| क्र.सं. | स्थानीय तहको नाम | साविक स्थानीय निकाय | वडा संख्या |
|---|---|---|---|
| १ | भिमदत्त नगरपालिका | भिमदत्त नगरपालिका | १९ |
| २ | बेलौरी नगरपालिका | बेलौरी नगरपालिका | १० |
| ३ | बेदकोट नगरपालिका | बेदकोट नगरपालिका | १० |
| ४ | बेलडाँडी गाऊँपालिका | बेलडाँडी नगरपालिका | ५ |
| ५ | कृष्णपुर नगरपालिका | कृष्णपुर न.पा., देखतभूली (९), रैकवार विचवा (४ र ८ बाहेक) | ९ |
| ६ | लालझाडी गाऊँपालिका | शंकरपुर, देखतभूली (१–३, ७–८), बाइसे बिचवा (१–४) | ६ |
| ७ | महाकाली नगरपालिका | दोधारा चाँदनी न.पा. | १० |
| ८ | पुनर्वास नगरपालिका | पुनर्वास नगरपालिका र बाइसे बिचवा (५–९) | ११ |
| ९ | शुक्लाफाँटा नगरपालिका | झलारी पिपलाडी न.पा. र देखतभूली (४–६) | १२ |

१.६ प्राकृतिक सम्पदा

प्राकृतिक सम्पदाको हिसाबले यो जिल्ला कृषिको लागि उपयुक्त उर्वर माटोको धनी जिल्ला हो भने वनसम्पदा यहाँको दोस्रो ठूलो प्राकृतिक सम्पदा हो । सबै भन्दा ठूलो ब्राहसिङ्गाको झुन्ड भएको चर्चित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पनि यसै जिल्लामा पर्दछ । हिमालय शृङ्खलामा मुहान रहेको नेपाल र भारतको सीमा नदीकोरूपमा बग्ने महाकाली नदी यहँको मुख्य जलाधार हो। यस जिल्लाको माटोको किसिम तथा माटोमा भएको पोषकतत्वको स्थितिबारे क्षेत्रीय माटो प्रयोगशाला सुन्दरपुरको नमुना सर्वेक्षणबाट प्राप्त हुन आएको ऑकडालाई आधार मानी निम्न अनुसार वर्गीकरण गरिएको छ ।

क) बलौटे दोमट माटो राजमार्गदेखि उत्तरको भावर क्षेत्र ।

ख) दोमट बलौटे माटो पिपलाडी, कृष्णपुर, गुलरिया, रैकवारविचवा, आदि क्षेत्र ।

ग) दोमट माटो सुडा, ऐरी, वाइसीविचुवा र पिपलाडीका केही क्षेत्र ।

घ) बलौटे चिम्टाईलो माटो जिल्लाको दक्षिणी भाग ।

१.७ भू-उपयोग र वनजंगल सम्बन्धी विवरण

१.७.१ भू-उपयोग

क) कुल क्षेत्रफल १,६१,७४१ हेक्टर

ख) कुल वन क्षेत्र ८८,२०० हेक्टर (५४.५३ प्रतिशत )

ग) आवादी तथा खेती योग्य जमिन ५९,५३२ हेक्टर (३६.८१ प्रतिशत )

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

घ) अन्य (नदी, वगर, चट्टान) १४,००९ हेक्टर (८.६६ प्रतिशत )
ङ) २. चुरे क्षेत्र १३.४ प्रतिशत (जिल्लाको कुल क्षेत्रफलको)
च) भावर तराई ८६.६ प्रतिशत (जिल्लाको कुल क्षेत्रफलको)

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

१.७.२ वनजंगल

क) जिल्ला वन कार्यालयले हेर्नु पर्ने वनको क्षेत्रफल ५७,७०० हेक्टर (६५.४२ प्रतिशत)
ख) शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले हेर्नु पर्ने वनको क्षेत्रफल ३०,५०० हेक्टर (३४.५८ प्रतिशत)
ग) राष्ट्रिय वन क्षेत्र १२,८९७.७५ हेक्टर
घ) लालझाडी–मोहना संरक्षित वनको क्षेत्रफल ३७,०२९.५० हेक्टर

१.७.३ मुख्य रूख विरूवा, जनावर तथा चराचुरूङ्गी

१ वनस्पतिका प्रजातिहरू साल, सिसम, खयर, अस्ना, क्रमा, सिमल, विजयसाल, जामुन, बर्रो आदि
२ लघुवन पैदावर अमला, बाँस, बेत, पिपला, पिपली, कुरीलो, हर्रो बर्रो, आदि
३ वन्यजन्तहरू मृग, बाघ, अजिंगर, हात्ती, गैंडा, ब्वाँसो, दुम्सी, चित्तल, बदेल, बाँदर ब्राहसिङ्गे, आदि
४ चराहरू मयुर, गिद्ध, तित्रा, वनकुखुरा, सुगा, आदि
५ माछा नैनी, बिगहेड, कमन कार्प, ग्रास कार्प, मङ्ग्री, सिलभर, असला, आदि

१.८ जनसाङ्ख्यिक स्थिति

राष्ट्रिय जनगणना, २०६८ अनुसार कञ्चनपुर जिल्लाको जनसङ्ख्या ४,५१,२४८ रहेको छ जस मध्येपुरूष ४७.८७ प्रतिशत (२,१६,०४२ जना) र महिला ५२.१३ प्रतिशत ( २,३५,२०६ जना ) रहेका छन्। यहाँको लैंगिक अनुपात ९१.८५ रहेको छ । अघिल्लो जनगणना (२०५८ साल) मा यस जिल्लाको कुल जनसङ्ख्या ३,७७,८९९ र लैंगिक अनुपात १०३.१८ थियो । पछिल्लो राष्ट्रियजनगणना २०६८ बमोजिम सालाखाला वार्षिक जनसङ्ख्या वृद्धिदर १.७७ प्रतिशत रहेको छ जुन अघिल्लो राष्ट्रियजनगणना, २०५८ मा ३.८२ प्रतिशत रहेको थियो । जिल्लाको जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेकोजनसङ्ख्या) २८० जना प्रति वर्ग किलोमिटर रहेको छ जुन अघिल्लो राष्ट्रिय जनगणना, २०५८ मा २३५ जनाथियो । यस जिल्लाको कुल जनसङ्ख्या मध्ये ५६ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३७ प्रतिशत १४ वर्षवा सो भन्दा कम उमेरका, र ७ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन् । राष्ट्रियजनगणना, २०६८ अनुसार कञ्चनपुर जिल्लामा ८२,१५२ घरपरिवार रहेका छन् । यो संख्या अघिल्लो राष्ट्रियजनगणना २०५८ को भन्दा २१,९९४ ले अधिक हो । हाल यस जिल्लामा प्रति परिवार औषत ५.४९ जना सदस्य रहेको देखिन्छ । पछिल्लो राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कुल जनसङ्ख्या मध्ये २ प्रतिशत (९०७२ जना) फरक क्षमता भएकाहरू रहेका छन्, जस मध्ये ४,८३० जना पुरूष र ४,२४२ जना महिला रहेका छन् । यस जिल्लाबाट ३८,३९८ जना ( ३२,८७३ पुरूष र ५५१८ महिला) विदेश गएको देखिन्छ ।

१.८.१ आधारभूत जनसांख्यिक सूचकहरू

| सूचक | एकाइ | मान (२०६८) |
|---|---|---|
| कुल जनसङ्ख्या | संख्या | ४,५१,२४८ |
| पुरूष | संख्या/प्रतिशत | २,१६,०४२ ४७.८७ |
| महिला | संख्या/प्रतिशत | २,३५,२०६ ५२.१३ |
| लैङ्गिक अनुपात | अनुपात | ९१.८५ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर | प्रतिशत | १.७७ |
| नेपालको जनसङ्ख्यामा जिल्लाको अंश | प्रतिशत | १.७० |
| जनसङ्ख्या दोब्बर हुन लाग्ने अबधि | वर्ष | ३९ |
| परिवार संख्या | संख्या | ८२,१५२ |
| परिवारका औषत सदस्य संख्या | संख्या | ५.४९ |

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| जनघनत्व | जना प्रति वर्ग कि.मि. | २८० |
| जनघनत्व (शहरी क्षेत्र-न.पा.हरूको) | जना प्रति वर्ग कि.मि. | २८७ |
| जनघनत्व (ग्रामीण क्षेत्र-गा.पा.हरूको) | जना प्रति वर्ग कि.मि. | २३३ |
| अनुपस्थित (विदेशमा) जनसङ्ख्या | संख्या | ३८,३९८ |
| अनुपस्थित (विदेशमा)-पुरूष | संख्या | ३२,८७३ |
| अनुपस्थित (विदेशमा)-महिला | संख्या | ५५१८ |
| शहरी जनसङ्ख्या (न.पा.को जनसङ्ख्या) | संख्या/प्रतिशत | ४०६७३० ९०.१३ |
| ग्रामीण जनसङ्ख्या (गा.पा.को जनसङ्ख्या) | संख्या/प्रतिशत | ४४५१८ ९.८७ |
| जन्म दिने औषत उमेर | वर्ष | २६.४१ |
| जन्म हुँदाको लैङ्गिक अनुपात | अनुपात | ११२.६ |
| कुल प्रजनन दर | प्रति महिला (१५-४९ वर्ष) | २.४९ |
| कोरा जन्म दर | प्रति हजार जनसङ्ख्या | २१.०३ |
| कोरा मृत्यु दर | प्रति हजार जनसङ्ख्या | ७.५७ |
| शिशु मृत्यु दर | प्रति हजार जीवित जन्म | ४०.३४ |
| अपेक्षित औषत आयु | वर्ष | ६६.१ |
| अपेक्षित औषत आयु-पुरूष | वर्ष | ६५.० |
| अपेक्षित औषत आयु-महिला | वर्ष | ६७.३ |

## २. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको स्वरूप र प्रकृति

वि.सं.२००७ सालमा प्रजातन्त्रको प्रार्दूभाव पश्चात् चुस्त एव विकेन्द्रित प्रशासनको आवश्यकता महसूश गरी वडाहाकिमहरूको नियुक्ति गरिएको पाईन्छ । यसै क्रममा गढी, गौंडा र गोश्वाराको रूपमा गृह प्रशासनको कार्य सञ्चालन भएको थियो । नेपालको संविधान २०१९ अनुसार नेपाललाई १४ अंचल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरियो । फलस्वरुप बेलौरीबाट वि.स. २०१९ सालपछि कञ्चनपुरको सदरमूकाम महेन्द्रनगर सरेको देखिन्छ । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरूप सञ्चालन गर्न वि.स. २०२५ सालमा अञ्चलाधिशको कार्यालयबाट नागरिकता जारी भएका रेकर्डहरु पाईन्छ । स्थानीय प्रशासन ऐन, २०२८ लागु भएपश्चात् उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार कञ्चनपुर जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो ।

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासनको मुख्य कार्य हो । यस कार्यालयका काम, कर्तव्य र अधिकारहरुलाई मुलतः स्थानीय प्रशासन ऐन, २०२८ ले व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहबाट जिल्लास्तरमा हुने विकासका कार्यमा समन्वय र सहजीकरण एंव स्थानीय र प्रदेश सरकारका कानून कार्यान्वयनमा आवश्यक सहयोग पुर्याउने, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन एवं वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्ने, स्वच्छ बजार प्रवर्धनको लागि बजार अनुगमन गर्ने र उपभोक्ताको हित संरक्षणमा सरोकारवाला निकायबीच उचित समन्वय गर्ने तथा सेवा प्रवाहको अनुगमन गर्ने, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ ।

जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर ले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दूरदृष्टि का साथ विधिको शासन अवलम्बन गरी शान्ति सुरक्षाको अवस्थालाई प्रभावकारी बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमबाट सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु लिएर काम गरिरहेको छ । यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्य लिएको छ ।

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

## ३. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको काम, कर्तव्य र अधिकार

क. जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने ।

ख. जिल्लामा सञ्चालित विकासका कार्यक्रमहरुमा सहयोग र समन्वय गर्ने ।

ग. जिल्लामा रहेका नेपाल सरकारका सम्पतिहरुको संरक्षण गर्ने ।

घ. जिल्लामा आइपर्ने विपद्हरुको व्यवस्थापन गर्ने ।

ङ. जिल्लामा वस्तु तथा सेवाहरुको आपूर्तिलाई व्यवस्थित गर्ने ।

च. जिल्लास्थित सार्वजनिक निकायहरुको कार्यसम्पादनमा समन्वय गर्ने ।

छ. प्रचलित कानूनले तोकिएका विषयहरुमा न्याय निरुपण गर्ने ।

ज. नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने ।

झ. हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने ।

ञ. राहदानी सम्बन्धी कार्य गर्ने ।

ट. संस्था दर्ता तथा नवीकरण गर्ने ।

ठ. प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने ।

## ४. जिल्ला प्रशासन कार्यालय, कन्चनपुरमा रहने कर्मचारी संख्या र कार्य विवरण

### ४.१ जिल्ला प्रशासन कार्यालयको दरवन्दी संख्या

| सि.नं. | पद/श्रेणी | दरवन्दी | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | |
| ३ | प्रशासकिय अधिकृत | ३ | |
| ४ | नायव सुव्वा | १० | |
| ५ | लेखापाल | १ | |
| ६ | खरिदार | ५ | |
| ७ | कम्प्युटर अपरेटर | ३ | १ करार |
| ८ | हलुका सवारी चालक | २ | १ करार |
| ९ | कार्यालय सहयोगी | ७ | ६ करार |
| | कुल जम्मा दरवन्दी | ३३ | |

### ४.२ जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेका फाँट र शाखाहरु

| कोठा नं. | भुई तला | कोठा नं. | पहिलो तला | कोठा नं. | दोस्रो तला |
|---|---|---|---|---|---|
| १०१ | राहदानी/सूचना | २०१ | प्रशासकिय अधिकृत | ३०१ | सूचना तथा परामर्श |
| १०२ | स.प्र.जि.अ. | २०२ | आ.प्र.शाखा | ३०२ | प्रशासकिय अधिकृत |
| १०३ | प्रशासकिय अधिकृत | २०३ | प्र. जि. अ. | ३०३ | आपतकालिन शाखा |
| १०४ | रा.परिचय पत्र | २०४ | सभाहल | ३०४ | भण्डार शाखा |
| १०५ | सर्भर रुम | २०५ | मुद्दा फांट | ३०५ | भण्डार शाखा |
| १०६ | कम्प्युटर कक्ष | २०७ | संघ/संस्था | ३०६ | स्टोरकिपर |
| १०७ | नागरिकता फांट | २०८ | स्थानोय प्रशासन | ३०७ | स्टोरकिपर |

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
प्रशासन कार्यालय
कञ्चनपुर

## ५. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरबाट प्रदान गरिने सेवा

### ५.१. स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी

- नामथर, उमेर आदि प्रमाणित ।
- नाबालक परिचयपत्र जारी ।
- पारिवारिक पेन्सन शपथ पत्र, दुई नामथर र जन्ममिति प्रमाणित, रहलपहल सम्बन्धी सिफारिस ।
- दलित, आदिवासी र जनजाति प्रमाणपत्र ।
- पत्रपत्रिका दर्ता ।
- छापाखाना दर्ता ।
- पारिवारिक विवरण प्रमाणित ।
- नाता प्रमाणित ।
- विविध कार्य ।

### ५.२ राहदानी सम्बन्धी सेवा

- राहदानी फारम संकलन ।
- द्रुत सेवाको लागि अभिलेख प्रमाणित ।
- राहदानी वितरण ।
- विवरण संशोधन ।

### ५.३ नागरिकता सम्बन्धी सेवा

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण ।
- वैबाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र वितरण ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वितरण ।
- नामथर जन्म मिति संशोधन ।
- कर्मचारी परिवारको नाताले दिइने नागरिकताको प्रमाणपत्रको वितरण ।

### ५.४ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी

- सार्वजनिक मुद्दा ।
- गुनासो वा ठाडो उजुरी ।

### ५.५ हातहतियार इजाजत तथा नवीकरण र स्वामित्व हस्तान्तरण

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण ।

### ५.६ संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

५.७ आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवा

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नको लागि बजार अनुगमन तथा नियमन ।

५.८ विपद् व्यवस्थापन सम्बन्धी सेवा

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक व्यवस्थापन ।
- विपद् सम्बन्धी कार्ययोजना निर्माण ।
- मनसुन पूर्व आपतकालीन कार्य कार्ययोजना ।
- विपद् न्यूनीकरणका लागि तयारी ।
- विपदमा भएको क्षतिको विवरण संकलन ।
- विपदमा पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनस्थापना ।

## ६. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा रहेका शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | पद | नाम, थर | कोठा नं. | शाखा/फाँट |
|---|---|---|---|---|
| १ | प्र.जि.अ. | श्री रामप्रसाद पाण्डे | २०३ | |
| २ | स.प्र.जि.अ | श्री अशोक कुमार भण्डारी | १०२ | |
| ३ | प्र.अ. | श्री उद्दव सिंह कार्की | १०३ | नागरिकता |
| ४ | प्र.अ. | श्री कृष्णानन्द जोशी | २०१ | राहदानी / प्रशासन |
| ५ | प्र.अ. | श्री पदम राज भट्ट | १०३ | नागरिकता |
| ६ | ले.पा. | श्री चन्द्रा कुमारी बिष्ट | २०२ | लेखा |
| ७ | ना.सु. | श्री केशव दत्त भट्ट | २०८ | स्थानीय प्रशासन |
| ८ | ना.सु. | श्री ओमकार साउद | १०१ | राहदानी |
| ९ | ना.सु. | श्री मन्जु विष्ट | २०७ | मुद्दा |
| १० | ना.सु. | श्री मोहनदेव जोशी | १०७ | नागरिकता प्रतिलिपि |
| ११ | ना.सु. | श्री गोपाल सिंह पुजारा | २०७ | मुद्दा |
| १२ | ना.सु. | श्री आरती जोशी | १०७ | नागरिकता प्रतिलिपि |
| १३ | ना.सु | श्री दिपिका विष्ट | १०१ | राहदानी |
| १४ | ना.सु. | श्री जयन्द्र प्रसाद कलौनी | १०७ | नागरिकता |
| १५ | ना.सु. | श्री देवराम कोली | २०५ | संघसंस्था |
| १५ | खरिदार | श्री देवराज ओझा | २०८ | स्थानीय प्रशासन |
| १६ | खरिदार | श्री गीता जोशी | १०७ | नागरिकता |
| १७ | खरिदार | श्री लोकेन्द्र कुमार हमाल | १०७ | नागरिकता |
| १८ | खरिदार | श्री गोदावरी पाल | १०७ | नागरिकता |
| १९ | क.अ. | श्री भुवन जोशी | १०६ | कम्प्युटर |
| २० | क.अ | श्री मनिराम चौधरी | १०६ | कम्प्युटर |
| २१ | क.अ | श्री कमल कुमार बोहरा | १०६ | कम्प्युटर |
| २२ | ह.स.चा. | श्री टंक बहादुर दियाल | | |
| २३ | ह.स.चा. | श्री तुला सिंह साउद | | |
| २४ | का.स. | श्री उमाकान्त रिजाल | २०८ | स्थानीय प्रशासन |
| २५ | का.स. | श्री देव सिंह धामी | २०३ | पि.ए.फाँट |
| २६ | का.स. | श्री रामकृष्ण चौधरी | १०७ | नागरिकता |
| २७ | का.स. | श्री ईश्वर दत्त पन्त | २०७ | मुद्दा |
| २८ | का.स. | श्री पार्वती जोशी | २०३ | पि.ए.फाँट |

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| २९ | का.स. | श्री शंकर दत्त अवस्थी | १०७ | नागरिकता |
| ३० | माली | श्री दान बहादुर बोहरा | १०७ | दर्ता चलानी |
| ३१ | सु.भा. | श्री अन्जना तामाङ्ग | १०७ | नागरिकता |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ७.१ दस्तुर र अवधि

| सि.न. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु. | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र | रु. १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २. | नागरिकताको प्रतिलिपि वितरण | रु.१३ को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३. | वैवाहिक अंगीकृत नागरिकताको प्रमाणपत्र वितरण | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४. | राहदानी फारम संकलन | नाबालकः रु.२५००\|-<br>साधारणः रु. ५०००\|- | प्रक्रिया पुगेकै दिन | |
| ५. | द्रुत सेवा अभिलेख प्रमाणित | | प्रक्रिया पुगेकै दिन | |
| ६. | राहदानी वितरण | | प्राप्त भएपछि तुरुन्तै | |
| ७. | गुनासो वा ठाडो उजुरी | रु.१० को टिकट | यथाशीघ्र | |
| ८. | नामथर, उमेर आदि प्रमाणित | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोहि दिन | |
| ९. | नाबालक परिचयपत्र | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोहि दिन | |
| १०. | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोहि दिन | |
| ११. | संस्था दर्ता | रु.१०००\|- | सबै प्रक्रिया पुगेपश्चात सोहि दिन | |
| १२. | संस्था नबीकरण | रु.५००\|- (म्याद गुज्रेमा तोकिएको जरिवाना लाग्ने) | सोहि दिन | |
| १३. | संस्थाको विधान संशोधन | रु.१० को टिकट | सोहि दिन | |
| १४. | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु.१० को टिकट | सोहि दिन | |
| १५. | दलित, मधेसी, आदिवासी जनजाति सिफारिस | रु.१० को टिकट | सोहि दिन | |
| १६. | पत्रपत्रिका दर्ता | दैनिक रु.१०००\|-<br>साप्ताहिक रु.५००\|-<br>पाक्षिक रु.३००\|-<br>मासिक रु.२००\|- | सबै प्रक्रिया पूरा भए पश्चात सोहि दिन | |
| १७. | छापाखाना दर्ता | रु.१०००\|- | सबै प्रक्रिया पूरा भए पश्चात सोहि दिन | |
| १८. | हातहतियार नामसारी | रु.१०००\|- | प्रक्रिया पुगेको पश्चात सोहि दिन | |
| १९. | हातहतियार जिल्ला भित्रको नवीकरण | रु.१५०\|- | सबै प्रक्रिया पूरा भए पश्चात सोहि दिन | |
| २०. | हातहतियार नेपाल भरिको नवीकरण | रु.३००\|- | सोहि दिन | |
| २१. | नामथर, जन्म मिति संसोधन | रु. १० को टिकट | सबै प्रक्रिया पूरा भए पश्चात सोहि दिन | |
| २२. | नाता प्रमाणित | रु.१० को टिकट | सोहि दिन | |
| २३. | क्षतिपूर्ति एवं राहत वितरण | | सबै कागजात पूरा भएपश्चात यथाशीघ्र | |
| २४. | सार्वजनिक शान्ति विरुद्धको कसूर सम्बन्धि मुद्दा | रु.१० को टिकट | कानून बमोजिम | |

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

७.२ जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरको नागरिक बडापत्र

| सिं.न. | सेवाको विवरण | सेवा प्रदान गर्ने स्थान | कोठा नं. | सेवाग्राहीले पेश गर्नुपर्ने कागजात तथा पूरा गर्नु पर्ने प्रक्रिया | सेवा प्राप्त गर्दा लाग्ने शुल्क | सेवा प्राप्त गर्दा लाग्ने समय | जिम्मेवार व्यक्ति | गुनासोसुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| १. | वंशजको आधारमा नागरिकता जारी गर्ने | नागरिकता शाखा | १०७ | • जन्मस्थान र नाता खुल्ने गरी सम्वन्धित गा.पा./न.पा.को सिफारिस साथ अनुसूची-१ बमोजिम ढाँचामा निवेदन ।<br>• बाबु वा आमाको सनाखत ।<br>• आमा वा बाबु नभए आफ्नो वंशतर्फका तीन पुस्ता भित्रको नातेदारको नागरिकताको प्रमाणपत्र र त्यसको प्रतिलिपि<br>• उक्त नातेदारसंगको नाता खुल्ने प्रमाणित पत्र र निजको सनाखत ।<br>• जन्मदर्ता/शैक्षिक योग्यताको प्रमाण पत्र अनिवार्य ।<br>• बसाइ सरी आएको भए वसाइ सराइको प्रमाण पत्र<br>• २ प्रति अटो साइजको फोटो<br><br>विवाहित महिलाको हकमा उल्लेखित कागजातको अतिरिक्त निम्न थप कागजातहरु पेश गर्नुपर्ने:<br><br>• विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>• पति वा ससुराको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>• पति वा सासु/ससुरा/जेठाजु/ देवरमध्ये कसैको सनाखत र सनाखत गर्ने व्याक्तिको नागरिकता<br>• माइती पट्टिको आमा/बुबा/दाजु/भाइ मध्ये एक जना र सो नभएमा दिदि/वहिनी मध्ये एक जनाको नागरिकताको प्रतिलिपि र नाता खुलेको प्रमाण<br>• नाता कायम भएको भए सो को प्रमाण<br>• जन्म दर्ता/शैक्षिक योग्यताको प्रमाणपत्र<br>• पतिको मृत्यु भएमा मृत्यु दर्ता प्रमाण पत्र | निवेदनमा रु. १०/- को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |
| २. | वंशजको आधारमा नागरिकता जारी गर्ने (बाबु वा आमा वा तीन पुस्ता भित्रको कोही नातेदार) नहुनेको हकमा | नागरिकता शाखा | १०७ | • जन्मस्थान र नाता खुल्ने गरी सम्वन्धित गा.पा./न.पा.को सिफारिस साथ अनुसूची १ बमोजिम ढाँचामा निवेदन ।<br>• नेपालमा जन्म भइ नेपालमै निरन्तर रुपमा स्थायी बसोवास भएको व्यहोरा खुल्ने स्थानीय वासिन्दाले गरिदिएको सिफारिस<br>• गा.पा./न.पा. बाट प्रमाणित अनुसूची ३ वमोजिमको ढाँचामा ५ जना स्थानीय वासिन्दाले गरिदिएको स्थलगत सर्जमीन<br>• सम्वन्धित वडामा वसोवास गर्ने ३ जना व्यक्तिले अनुसूची ४ वमोजिमको ढाँचामा जिल्ला प्रशासन कार्यालयमा गरिदिएको सनाखत (सर्जमीनमा बसेका बाहेक<br>• सर्जमीन तथा सनाखत गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>• जन्मदर्ता/शैक्षिक योग्यताको प्रमाण पत्र | निवेदनमा रु. १० को टिकट | आठ दिन भित्र | प्र.जि.अ | |

जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | • वावु वा आमाको नागरिकता<br>• दावी विरोध सम्बन्धी तीनपुस्ते खुलाइ ७ दिने सूचना सार्वजनिक गर्ने<br>• आवश्यकताअनुसार थप वुझ्न सकिने<br>• २ प्रति अटो साइजको फोटो | | | | |
| ३. | वंशजको आधारमा नागरिकता जारी गर्ने (नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगाना नहुनेको हकमा) | गा.पा./न.पा. बाट सिफारिस भएको अनुसूची १ बमोजिम ढाँचाको निवेदन | | • गा.पा./न.पा. बाट सिफारिस भएको अनुसूची १ बमोजिम ढाँचाको निवेदन<br>• स्वीकृती प्राप्त बालमन्दिर वा अनाथालय वा संघ संस्थाको संरक्षणमा हुर्के वढेको भए त्यस्तो संस्थाको सिफारिस, संस्था प्रमुखको नागरिकता र निजको सनाखत<br>• कुनै व्यक्तिले पालनपोषण गरेको भए पालन पोषण गर्ने व्यक्तिको नागरिकताको प्रमाण पत्रको आधिकारिकता यकिन गरी सोको प्रतिलिपि संलग्न गरी निजको सनाखत<br>• पितृत्व वा मातृत्व ठेगाना नभएको व्यहोराको सम्वन्धित गा.पा./न.पा को सिफारिस र प्रहरी प्रतिवेदन<br>• दावी विरोध सम्बन्धी ७ दिने सूचना प्रकाशित भएको<br>• २ प्रति अटो साइजको फोटो | निवेदनमा रु१०को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्र.जि.अ. | |
| ४. | कर्मचारीको नाताले नागरिकता प्रमाण पत्र प्रदान गर्ने | नागरिकता शाखा | १०७ | • अनुसूची १ बमोजिमको ढाँचामा दुई प्रति निवेदन<br>• बाबु वा आमाको नागरिकताको प्रतिलिपि<br>• बहाल रहेको कार्यालयको सिफारिस<br>• अन्यत्रबाट पहिले नागरिकता नलिएको व्यहोरा खुलाई सम्वन्धित कर्मचारीको सनाखत गराउने<br>• जन्मदर्ता तथा शैक्षिक योग्यताको प्रमाण पत्र<br>• विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ता प्रमाण<br>• उल्लेखित कागजातका २/२ प्रति प्रतिलिपिहरु र फोटो | निवेदनमा रु.१० को टिकट | प्रमाण पुगेको हकमा सोही दिन | प्रशासकीय अधिकृत | स.प्र.जि.अ. |
